आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : टिकापुर बहुमुखि क्याम्पस, कैलाली । , टिकापुर नगरपालिका , कैलाली

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Keshar Bahadur Kunwar	२०७७-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	Pushpa Raj KC	२०७७-४-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	१,९९४,२९३

वासलात हिसाब :

पुँजी र दायित्व		सम्पत्ति	
पुँजी	२,३७,९७,०८०.१२	**स्थिर सम्पत्ति**	२०,६४,०१,९३१.९२
जगेडा कोष	२०,६४,०१,९३१.९२	**चालू सम्पत्ति**	२,९९,८७,४३७.०९
संचित नाफा नोक्सान	०	**अन्य सम्पत्ति**	२९,९१,३१५.९८
दीर्घकालीन कर्जा	०		
चालु दायित्व	९१,८१,६७२.९५		
व्यवस्था	०		
जम्मा	२३,९३,८०,६८४.९९	**जम्मा**	२३,९३,८०,६८४.९९

https://nams.oag.gov.np

प्राप्ती र भुक्तानी :

वर्षको सुरु मौज्दात		३,९८,२८,४९२.५८	
आय		व्यय	
बिक्री / सेवा शुल्क	२,०५,८३,८१३.१६	प्रत्यक्ष खर्च	१,५३,०९,४९१.२५
अनुदान	३,४५,८६,२५१.२	संचालन खर्च	१५,०८,६६०
अन्य आय	६८,९६,३७३.५१	कर्मचारी खर्च	४,४५,९८,३४०.९१
		अन्य खर्च	१,०४,९१,००१.२
जम्मा	६,२०,६६,४३७.८७	जम्मा	७,१९,०७,४९३.३६
		यो वर्षको बचत	-९८,४१,०५५.४९
		वर्षान्तको मौज्दात	२,९९,८७,४३७.०९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** कला, विज्ञान, चिकित्साशास्त्र, कानून, व्यवस्थापन, शिक्षा, प्राविधिक तथा अन्य व्यावसायिक विषयमा अध्ययन, अध्यापन र अनुसन्धानद्वारा गुणात्मक र स्तरयक्तु उच्च शिक्षाको अवसर दुर्गम लगायत सबै क्षेत्रका जनतालाई सुलभ रूपमा उपलब्ध गराई राष्ट्रिय विकासमा दक्ष जनशक्तिको आपूर्ति गर्न र बहुविश्वविद्यालयको अवधारणा अनुरूप प्रतिस्पधार्को आधारमा उच्च शिक्षाको गुणस्तरमा अभिवृद्ध गर्दै देशको शैक्षिक तथा प्राज्ञिक वातावरणलाई अझ बढी स्वच्छ, मर्यिादत र उपलब्धिमूलक बनाउन नेपाल सरकारको लगानीमा सुदुरपश्चिम विश्वविद्यालयको स्थापना भएको छ । विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासन नियमावलि २०६९ को परिच्छेद १४ दफा ११० (३) बमोजिम त्रिभुवन विश्वविद्यालयको आगिंक क्याम्पसको रुपमा संचालित टीकापुर बहुमुखी क्याम्पस, टीकापुर लाई मिति २०७५।०४।०१ देखि सुदुरपश्चिम विश्वविद्यालयको आगिंक क्याम्पसको रुपमा रहेको छ ।	
२			**आन्तरीक नियन्त्रण तथा कानुनको पालना** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली,२०७७ को नियम ८१ वमोजिम प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वासनीय बनाउन तथा प्रचलित कानून वमोजिम कार्यसम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा आन्तरिक नियन्त्रण सम्वन्धी व्यहोराहरुको परीक्षण गर्दा देहाय अनुसारको कमी कमजोरी रहेको पाइयो । अत कार्यालयले उक्त कमि कमजोरीमा सुधार गरी आन्तरिक नियन्त्रणमा सुधार हुनुपर्दछ । • संस्थाको आर्थिक विनियमावली बमोजिम वित्तीय कारोबारको लेखा तथा नेपाल सरकारको श्रेष्ता प्रणाली र नगद प्रणालीमा राख्ने गरेको र नगद प्रणाली अनूसार कूनै पनि आम्दानी र खर्चलाई नगदमा प्राप्ती र भुक्तानी भएको आधारमा लेखाङ्कन गर्नू पर्ने हून्छ । विश्वविद्ययालयले कम्प्युटर सफटवेयर प्रयोग नगरी म्यान्युअल प्रणाली मात्र अपनाएको पाईयो । नेपाल लेखामान अनूसार विश्वविद्ययालयले वर्षेनी प्रदोभावी आधारमा वासलात, आय ब्यय विवरण, नगद प्रवाह विवरण र त्यस सम्बधि अनूसूचीका साथै महत्वपूर्ण लेखानीति तथा लेखा टिप्पणी सहितको विवरण बनाउनू पर्नेमा सो नगरेको पाईयो । म्यान्युअल प्रणालीमा लेखा वित्तीय कारोवार राख्दा विभिन्न गल्तीहरुलाई समयमै पत्ता नलाग्ने तथा गुणात्मक मानव समयको सदुपयोग नहुने देखिन्छ तसर्थ विश्वविद्यालय यथासक्य कम्युटर प्रणालीमा प्रयोग गर्नु पर्ने तर्फ ध्यान दिनु जरुरी देखिएको •आर्थिक वर्षको अन्तमा मात्र आन्तरीक लेखापरीक्षण गरेको • सुदुरपश्चिम विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा नियमावली, २०६९ को परिच्छेद ५ बमोजिम कार्यकारी परिषदले तोके बमोजिम हाजिरीको अभिलेख राख्नुपर्नेमा सो अभिलेख नभएकोले कुन कर्मचारीको के कति संचित बिदा रहेको एकिन हुन सकेन । यथार्थ लगत तयार गरि भुक्तानि दिनेतर्फ ध्यान दिनुपर्ने देखिएको • सुदुरपश्चिम विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासन नियमावलि २०६९ को परिच्छेद १४ दफा ११० (३) बमोजिम यस विश्वविद्यलयमा समायोजन हुने त्रि.वि.का आङ्गिक र सम्बन्धन प्राप्त डिन कार्यालयका शिक्षक तथा कर्मचारीको हकमा भने उपदान र निवृत्तिभरण प्रयोजनको लागि निजहरुलाई उक्त सुविधा नदिने भएमा निजहरुको	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			तलवबाट रकम कट्टा गरिने छैन, भनि व्यवस्था भएतापनि त्यस्तो कोषको व्यवस्था नगरिएको पाइयो साथै तलवबाट १० प्रतिशत रकम कट्टा गरि विश्वविद्यालयको तलव शीर्षकको वजेटको १० प्रतिशत रकम एकमुष्ठ उपदान तथा निवृत्तिभरण कोषमा जम्मा नगरेको • सुदुरपश्चिम विश्वविद्यालय आर्थिक प्रशासन नियमावली, २०६९ परिच्छेद – ३ नियम ११, १२, १३ र १४ अनुसार प्रत्येक आर्थिक वर्षका लागि प्रस्तावित बजेट तर्जुमा सम्बन्धी कार्य रजिष्ट्रारले आगामी आर्थिक वर्ष सुरु हुनु भन्दा ६ महिना अगाडी नै प्रारम्भ गर्नु पर्ने उल्लेख छ । विश्वविद्यालय अन्तर्गतका निकायलाई आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्न प्रत्येक आर्थिक वर्ष सुरु हुनुभन्दा साधारणतया ४ महिना अगावै परिपत्र जारी गर्नु पर्ने र प्रत्येक निकाय प्रमुखले तोकिएको अवधिभित्र आगामी वर्षको प्रस्तावित बजेट केन्द्रीय कार्यालयमा दाखिला गर्नु पर्ने उल्लेख छ । प्रस्तावित बजेट केन्द्रीय कार्यालयमा तोकिएको अवधिभित्र दाखिला नगर्ने निकायको बजेट अपर्याप्त हुन गएमा वा बजेट नै स्वीकृत हुन छुट भएमा सो निकाय प्रमुख नै जिम्मेवार हुनेछ भन्ने प्रावधान भएता पनि यस संस्थाले उक्त नियमहरुको पालना नगरेको • संस्थाले आर्थिक बर्ष २०७८।७९ को बार्षिक बजेट र यथार्थ खर्चलाई विश्लेषण गरिएको पाईएन, नियन्त्रण प्रणालीको रुपमा रहेको बजेटलाई आवधिक रुपमा यथार्थसंग विश्लेषण गरी बजेटमा देखिएमा कमि कमजोरीलाई बुदागत गरी आगामी बर्षको वजेट तर्जुमा गर्ने आधार बनाउनु पर्ने हुन्छ । यसको साथै बजेट रकमान्तरको पुष्टयाई पनि गर्ने आधार मानिन्छ तर संस्थाले वजेट रकमान्तर आर्थिक वर्षको अन्तमा गर्ने गरेको र रकमान्तर गर्दा यथार्थ खर्चको विश्लेषण गर्नुको सट्टा बढी भएको शिर्षकबाट सिधै रकमान्तरण गर्ने गरेको । • सुदुरपश्चिम विश्वविद्यालय आर्थिक प्रशासन नियमावली, २०६९ परिच्छेद – ५ नियम २० अनुसार बजेट रकमान्तरको अवस्था र विवरणको संक्षिप्त फाँटवारी प्रत्येक आर्थिक वर्षको प्रत्येक ६÷६ महिनामा रजिष्ट्रारले कार्यकारी परिषद्मा पेश गर्नुपर्ने व्यवस्था अनुरुप समयसिमा भन्दा पहिले बजेट रकमान्तर फाँटवारी पेश गर्नुपर्नेमा नगरेको • सुदुरपश्चिम विश्वविद्यालय आर्थिक प्रशासन नियमावली, २०६९ को नियम ३० अनुसार विश्वविद्यालयको भैपरी आउने कार्य सञ्चालन गर्न बाधा पुग्ने अवस्था भएमा बाहेक पेश्की नदिइने र आवश्यकताको आधारमा पेश्की फछ्र्यौट हुन सक्ने गरी पेश्की दिन सकिने उल्लेख छ । सो पेश्की फछ्र्यौट नभएसम्म पुनः पेश्की दिइने छैन भन्ने प्रावधान रहेपनि उक्त व्यवस्था अपनाईको पाईएन । नियम ३१ अनुसार पेश्की माग गर्ने व्यक्ति वा अधिकारी वा निकायले के कार्यको लागि आवश्यक परेको हो सोको फाँटवारी पेस गर्नु पर्ने र, फाँटवारी बमोजिम जिम्मेवार व्यक्तिले हिसाब गरी सो कामको लागि आवश्यक पर्ने रकम भन्दा वढी नहुने गरी पेश्की दिईनेछ भन्ने व्यवस्था रहेकोमा सो वमोजिम नगरेको • सुदुरपश्चिम विश्वविद्यालय आर्थिक प्रशासन नियमावली, २०६९ को नियम ३९ फाँटवारी प्राप्त भएपछि केन्द्रीय कार्यालयले म्याद नाघेको पेश्कीको लगत राखी म्यादभित्र पेश्की फछ्र्यौट नगर्नेलाई आवश्यक कारवाही गर्न वा गर्न लगाउनु पर्नेछ भनि व्यवस्था भएतापनि उक्त नियमको परिपालना नगरेको तथा आवश्यक पर्ने रकम भन्दा वढी पेश्की रकम दिएको • नेपाल सरकारको आर्थिक प्रशासन सम्बन्धि नियमावलीले आर्थिक वर्ष सकिनु सात दिन अगावै बैंक खाता बन्द गर्नु पर्ने ब्यवस्था गरेको छ । एक साता अघि बैंक खाता बन्द गरिदा आर्थिक वर्ष सकिने बेलामा अनावश्यक भुक्तानीको दवाव बढदैन जसले वित्तीय अनूशासन सूदृढ बनाउछ । अर्कोतर्फ दायित्व देखाउनू पर्ने रकमलाई लेखांकन	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गर्न पर्याप्त समय मिल्छ । तर यस कार्यालयमा सो नियमावली पालना भएको पाईएन । यस कार्यालयले आर्थिक वर्ष सकिने अन्तिम दिनसम्मै बैंक कारोबार गरेको • सुदुरपश्चिम विश्वविद्यालय आर्थिक प्रशासन नियमावली, २०६९ परिच्छेद – ७ नियम ३७ मा रहेको व्यवस्था बमोजिम पेश्की तोकिएको समयमा फछ्र्यौट नगरे सो बाँकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० (दश) प्रतिशतका दरले ब्याज समेत लाग्नेछ र त्यस्तो शिक्षक वा कर्मचारी उपर सेवा–शर्त सम्बन्धी नियम बमोजिम आवश्यक कारवाही समेत गर्न सकिनेछ भन्ने व्यवस्था भएतापनि उक्त नियमको पालना नगरेको • सुदुरपश्चिम विश्वविद्यालय आर्थिक प्रशासन नियमावली, २०६९ परिच्छेद – २० नियम ९५ अनुसारविश्वविद्यालयको स्वामित्व वा जिम्मामा रहेका सामान र सम्पत्तिको आवश्यकता अनुसार विमा गराउन सकिने उल्लेख छ । बीमा गराउँदा विश्वविद्यालयको जोखिमपूर्ण जिन्सिको विमा नगरेको • सुदुरपश्चिम विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा नियमावली, २०६९ परिच्छेद – ९ नियम ६४ उपनियम ३ त्रि.वि.वाट यस सुदुरपश्चिम विश्वविद्यालयमा समायोजन भएको सम्वन्धन प्राप्त डिन कार्यालयका शिक्षक कर्मचारीहरुको यस विश्वविद्यालय सेवामा प्रवेश गर्नुभन्दा अघिल्लो दिन सम्मको सञ्चयकोष, उपदान, निबृतिभरण र विदा लगायतका अन्य सुविधाहरु ऐनको दफा ३(२) बमोजिम समायोजन भएको सम्वन्धित डिन कार्यालयवाट रुजु गरी लिई आउनुपर्नेमा सो अनुरुप नगरेको • सुदुरपश्चिम विश्वविद्यालय ऐन २०६७ परिच्छेद १० को दफा ३२ मा विश्वविद्यालयको कोषको व्यवस्था अनुसारमा रकमहरु जम्मा नगरेको तथा सुदुरपश्चिम विश्वविद्यालय आर्थिक प्रशासन नियमावली २०६९ को परिच्छेद २ नियम ४ अनुसार विश्वविद्यालयको निकायहरुमा प्राप्त हुने सम्पुर्ण आय अनिवार्य रुपमा मूल खातामा जम्मा गर्नु पर्नेछ भन्ने व्यवस्था भएतापनि विद्यार्थिवाट प्राप्त शुल्क आम्दानि लगायतवाट समेत जम्मा रु २६२८०१२५।१२ विश्वविद्यालयको कोषमा दाखिला नगरी खर्च गरेको • सुदुरपश्चिम विश्वविद्यालय आर्थिक प्रशासन नियमावली, २०६९ परिच्छेद – ३ नियम ११, १२, १३ र १४ अनुसार प्रत्येक आर्थिक वर्षका लागि प्रस्तावित बजेट तर्जुमा सम्बन्धी कार्य रजिष्ट्रारले आगामी आर्थिक वर्ष सुरु हुनु भन्दा ६ महिना अगाडी नै प्रारम्भ गर्नु पर्ने उल्लेख छ । विश्वविद्यालय अन्तर्गतका निकायलाई आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्न प्रत्येक आर्थिक वर्ष सुरु हुनुभन्दा साधारणतया ४ महिना अगावै परिपत्र जारी गर्नु पर्नेछ र प्रत्येक निकाय प्रमुखले तोकिएको अवधिभित्र आगामी वर्षको प्रस्तावित बजेट केन्द्रीय कार्यालयमा दाखिला नगरेको • विश्वविद्यालय आर्थिक प्रशासन नियमावली, २०६९ परिच्छेद – २० नियम ९३ उपनियम १ मा विश्वविद्यालय ऐनको दफा ३ को उपदफा (२) वमोजिम विश्वविद्यालयको स्वामित्वमा आएको चल अचल सम्पति र स्रोत साधनहरुमा विश्वविद्यालयको स्वामित्व र भोगाधिकार रहेको मानिनेछ भनिएको छ भने उपनियम ७ मा विश्वविद्यालयको जिम्मा वा स्वामित्वमा रहेका जुनसुकै स्रोतवाट प्राप्त हुन आएका सम्पत्ति, जायजेथा र सामानहरु सुरक्षित राख्नु र राख्न लगाउनु विश्वविद्यालयका प्रत्येक पदाधिकारी, शिक्षक र कर्मचारीहरुको कर्तव्य र उत्तरदायित्व हुने उल्लेख छ । साथै उपनियम ८ मा विश्वविद्यायललाई जुनसुकै स्रोतवाट प्राप्त हुन आएका सम्पत्ति र सामान, सम्वन्धित श्रेस्ता र लेखामा सो प्राप्त भएको तीन दिनभित्र विश्वविद्यालयको नाममा आम्दानी बाधीसक्नु पर्दछ । विभिन्न स्थिर सम्पत्ति रु ५४४०१९३१।९२ को सम्पत्ति कायम रहेको जनाएकोमा मुल्यांकन तथा अभिलेख खाता तयार गरेको छैन । स्थिर सम्पतिको खातामा सम्पतिको नाम नामेसीको परिमाणसहितको विवरण र गत वर्षसम्मको परल मूल्य,	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गत वर्षसम्मको एकीकृत ह्रास कट्टी, यस वर्ष थप भएको सम्पति, यस वर्षको ह्रास कट्टी र बाँकी सम्पतिको मूल्य, सम्पति रहेको स्थान, खरिद तथा प्राप्ती मिति खूल्ने गरी खाता राखेको पाईएन । साथै भौतिक परिक्षण गरी मूल्यांकन गर्न ब्यवस्था नभएकाले सम्पतिको यथार्थ अवस्था यकिन गर्न सकिएन । • जिन्सि सामानको प्रतिवेदन तथा आपुर्तिको लागि मौजुदा सुचि तयार नगरेको • प्रमुख सुचकांक विकास नगरेको • रितपुर्वकमा कर विजक संलग्न गरी भुक्तानि दिनुपर्ने देखिएको • विद्यार्थिवाट उठाएको र उठाउनुपर्ने शुल्कको अभिलेख नराखेको • विश्वविद्यालय कोषको वैंक खाता सञ्चालन नगरेको तथा सम्पुर्ण आय अनिवार्य मुल खातामा जम्मा नगरेको • कर तथा बचत कोषको रकम ढिला दाखिला गरेको • विद्यार्थिको अभिलेख नराखेको • भ्रमण प्रतिवेदन वेगर भ्रमण भत्ता भुक्तानि गरेको • वार्षिक खरिद योजना तयार नगरेको तथा लागत अनुमान तयार नगरेको • सानो नगदि कोषको व्यवस्था नगरी पटके भुक्तानी गरेको • वेरुजु लगत तयार नगरेको • बजेट स्विकृत हुनुपुर्वका खर्च सञ्चालन खर्चमा जनाएको तथा विश्वविद्यालय आर्थिक प्रशासन नियमावलि २०६९ अनुसार सभावाट बजेट स्विकृति हुनुपुर्व भएको खर्च रु ११५२०४५०।७६ हालसम्म स्वीकृत नभएको, • शिर्षकगत लेखाकंन अद्यावधिक नगरेको • पुर्णकालिन शिक्षकलाई अतिरिक्त तलव भुक्तानि गर्दा एकमुष्ठ १५ प्रतिशत का दरमा पारिश्रमिक कर गणना गरेकोमा वार्षिक आयमा गणना गरी कर कट्टि यकिन गरी भुक्तानि गर्नुपर्ने देखिएको • अर्थ मन्त्रालयको कार्यक्रम सञ्चालन निर्देशिका अनुसार कार्यालय समयमा वैठक वसेकोमा कार्यालयका कर्मचारी मात्रको वैठक भत्ता भुक्तानि गर्न नमिल्नेमा भुक्तानि भएको भए असुल गर्नुपर्ने देखीएको • पुस्तकालय व्यवस्थापन गर्दा आन्तरिक लेखापरीक्षक ले औल्याएअनुसार अद्यावधिक अभिलेख राख्नुपर्ने देखिएको उपर्युक्तानुसार स्थिति देखिँदा कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तत्काल तयार गरी सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोवार गर्न गराउन आवश्यक देखिन्छ ।	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३			**अतिरिक्त पारिश्रमिक** अतिरिक्त पारिश्रमिकका लागि अतिरिक्त पिरियड पढाए बापत विभिन्न प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक लगायत आंशिक शिक्षकहरुको रु १०७४२०००।०० भुक्तानि गर्दा रजिष्टरमा विभागीय प्रमूख एवं क्याम्पस प्रमूखले प्रमाणित समेत नगरी पारिश्रमिक भुक्तानीका लागि तयार गरेको विवरणमा मात्र प्रमाणित गरी पठाउने गरेको हुँदा बास्तबिक रुपमा उपस्थित भई प्राध्यापन गरे नगरेको एकिन गर्न नसकिने भएकोले बास्तविक अभिलेख प्रमाणित हुनुपर्दछ । कोभिड लगायतका कारण क्याम्पसले अनलाईन पढाएवापत शिक्षक तथा विद्यार्थिको संख्या यकिन गर्नको लागि अनलाईन उपस्थितिको विवरण अभिलेख प्रमाणित गरी अतिरिक्त पारिश्रमिक भुक्तानिको व्यवस्था मिलाउनुपर्नेमा सो गरेको देखिएन । यसवाट अनलाईन कक्षा सञ्चालनको वास्तविक भुक्तानि यकिन हुन सक्दैन । यस सम्वन्धमा क्याम्पसले आवश्यक छानविन गरी अनावश्यक रुपमा बढी भुक्तानि भएको भए असुल फछ्र्यौट् गर्नुपर्दछ । अतिरिक्त पारिश्रमिक वापत भुक्तानी गर्दा एकमुष्ठ १५ प्रतिशतका दरले कर कट्टी गरेको पाईएकोले रोजगारीको वार्षिक आयमा गणना हुनुपर्दछ ।	
४			वित्तिय विवरण अनुसार क्याम्पसले प्रशासन तर्फका विभिन्न कर्मचारीलाई यस आ व मा अतिरिक्त तलव वापत रु ८२४४४४।११ भुक्तानी गरेको देखियो । यसरी अतिरिक्त समय काममा लगाई अतिरिक्त भत्ता भुक्तानि गर्ने सम्वन्धमा भएको निर्णय, कार्यादेश वा कुनै आाधर प्रमाण पेश भएन । साथै अतिरिक्त समय काम गरेको जनाएकोमा सोको हाजिरी समेत अद्यावधिक गरेको नपाईएकोले उक्त भुक्तानी नियम सम्मत नदेखिएको रु	८२४,४४४.११
५			**केन्द्रिय कार्यालय दाखिला** सुदुरपश्चिम विश्वविद्यालय आर्थिक प्रशासन नियमावली २०६९ को परिच्छेद २ नियम८ को उपनियम ७ विश्वविद्यालय अन्तर्गतका कुनै निकायले विश्वविद्यालयबाट तोकिएको आम्दानीको नियमित शीर्षकदेखि वाहेक अन्य कुनै किसिमबाट आम्दानी गरेमा त्यस्तो निकायले त्यस्तो आम्दानीबाट विश्वविद्यालयको विकास, शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुको हितका निमित्त खर्च गर्न पाउने गरी छुट्टै कोषको स्थापना र सञ्चालन गर्न सक्ने उल्लेख छ । उपनियम ८ अनुसार उपनियम ७ बमोजिम स्थापना गरिएको कोषमा जम्मा भएको रकममध्ये ९० प्रतिशत सम्म त्यस्तो आम्दानी प्राप्त गर्ने निकायले आफैले खर्च गर्न सक्नेछ र बाँकी रकम नियम ३ (४) अन्तर्गतको विश्वविद्यालयको कोषमा जम्मा गर्नु पर्ने उल्लेख भए अनुसारमा दाखिला नभएको भए नियमावलि बमोजिम केन्द्रिय कार्यालय पठाउनुपर्नेमा सामाजिक विकास मन्त्रालयवाट प्राप्त तथा अन्य आम्दानि रु ५६९६३११।९६ को १० प्रतिशतले हुने रु ५६९६३१।१९६ विश्वविद्यालय कोष केन्द्रिय कार्यालयमा दाखिला गर्नुपर्ने	५६९,६३१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६			**जग्गा लगत तथा संरक्षण** तत्कालिन टीकापुर विकास समितिले शैक्षिक प्रयोजनका लागि यस क्यामपसलाई ३८० विगाह जग्गा प्रदान गरेको मध्ये ८० विगाह जग्गा २०५३ सालमा प्राप्त भएको देखिन्छ । उक्त ८० विगाह मध्ये करिव २५ विगाह यस क्याम्पस तथा कृषि विज्ञान संकाय अन्तर्गत विभिन्न भवन, खेल मैदान र कृषि फर्मले ओगटेको तथा वाँकि करिव ५५ विगाह जग्गा क्याम्पसले विभिन्न कृषि फर्महरुलाई लिजमा लगाएको छ । २०६३।३।२० मा यस क्याम्पसको नाममा जग्गा धनि पुर्जा प्राप्त भएको ३०० विगाह जग्गा सोहि समयदेखि कथित सुकुम्वासि, मुक्त कमैया र बाढी पिडितका नाममा अतिक्रमण भई सो जग्गामा विभिन्न संरचना निर्माण गरी वसोवास गरेको क्याम्पसले जनाएको छ । उक्त अतिक्रमित जग्गा खालि गराउन पहल गरिदिन क्याम्पसले २०७५।५।२० मा प्रधामन्त्रि तथा मन्त्रीपरिषद्को कार्यालय, २०७८।७।११ मा सुदुरपश्चिम विश्वविद्यालय उपकुलपतिको कार्यालय, २०७९।६।३० मा टीकापुर नगर कार्यपालिकाको कार्यालय लगायत विभिन्न समयमा विभिन्न निकायमा पत्राचार गरेको देखिन्छ । यसरी पटक पटक विभिन्न निकायलाई पत्राचार भएपनि कुनै पनि निकायवाट अतिक्रमित जग्गा खालि गराउन पहल नभएको र क्याम्पसको उक्त जग्गावाट दिन प्रतिदिन वन तस्करहरुले रुख कटान गरी काठ चोरी निकासि गर्दा संस्थाको लाखौको सम्पत्ति हानि नोक्सानि भएको क्याम्पसले जनाएको छ । यसरी कथित सुकुम्वासी , मुक्तकमैया र वाढी पिडितको नाममा सरकारी सम्पत्ति कब्जा गरी अतिक्रमण भएको देखिएकोले सम्वन्धित निकायले यसतर्फ ध्यान दिई तत्काल अतिक्रमण रोकि संरक्षण गर्नुपर्ने देखिन्छ ।	
७			**उठ्न वाँकि रकम** क्याम्पसले विभिन्न कृषि फर्मलाई करीव २५ विगाह जग्गा १० वर्षका लागि सम्झौता गरी लिजमा लगाएको छ । यसरी लिजमा लगाएको जग्गावाट वार्षिक रुपमा प्राप्त हुनुपर्ने रकम समयमै प्राप्त नभई प्राप्त हुन वाँकि देखिन्छ । आ व २०७८।७९ मा प्राप्त भईसक्नुपर्ने यस प्रकारको रकम अन्य पाउनुपर्ने रकम भनि वासलातको अन्य चालु सम्पत्तिमा देखाएको छ । यस्तो रकममध्ये गोरक्ष घाँसवालि उत्पादनवाट रु ८८९६३५।००, टीकापुर मत्स्य फर्मवाट रु ३०५६६६।००, मोहन्याल भैसि फार्मवाट रु १५२१००।०० तथा त्रिवेणि पशुपालन तथा कृषि फर्म प्रा लि वाट रु २७०१६२।०० उठ्न वाँकि देखिन्छ । सम्झौता गर्दा समयमा रकम नवुझाएमा जरिवाना लगाउने प्रावधान राखेको छैन । धितोको रुपमा क्याम्पसको नाममा जग्गा दृष्टिवन्धक राखेतापनि तोकिएको समयमा लिज रकम प्राप्त नभई ढिलो प्राप्त हुँदा उक्त रकमवाट आर्जन हुने व्याज प्राप्त नहुने, उक्त रकम अन्य लगानि गर्न नसकिने हुँदा क्याम्पसले पाउने लाभवाट बञ्चित हुने अवस्था रहन्छ । तसर्थ सम्झौता गर्दा नै समयमा बुझाउनुपर्ने रकम नवुझाएमा जरिवाना लगाउने प्रावधान राखिनुपर्दछ । विभिन्न फर्मवाट उठ्न वाँकि रकम तत्काल उठाउन क्याम्पसले विशेष पहल गर्नुपर्ने देखिएको छ ।	
८			**ग्रेड रकम भुक्तानी** सुदुरपश्चिम विश्वविद्यालय शिक्षक कर्मचारी सेवा नियमावलि २०६९ को परिच्छेद ६ को नियम १३८ (१) मा विश्वविद्यालय सेवामा वहाल रहेका शिक्षक तथा कर्मचारीले आफ्नो पदमा वहालि गरेका दिन देखि वहालि गरेको पदको तलव भत्ता र अन्य सुविधा पाउने व्यवस्था छ । त्यसैगरी उपदफा ३ मा यस नियमबमोजिम सजाय पाएको	३१२,२१८

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			अवस्थामा वाहेक प्रत्येक शिक्षक तथा कर्मचारीलाई एक वर्षको सेवा पुरा गरेपछी प्रतिवर्ष १ ग्रेड तलव वृद्धि हुने व्यवस्था छ । तर करारमा नियुक्त शिक्षक तथा कर्मचारीले यस किसिमको ग्रेड सुविधा पाउने सम्वन्धमा स्पष्ट व्यवस्था भएको पाईदैन । नेपाल सरकारका निजामति कर्मचारी लगायत अन्य सरकारी स्थायी कर्मचारीले मात्र यस्तो ग्रेड सुविधा पाउने व्यवस्था भएको र करार कर्मचारीले यस्तो सुविधा पाउने व्यवस्था नभएको देखिन्छ । यस क्याम्पसले देहायबमोजिम करारमा कार्यरत कर्मचारीलाई विगतमा छुट भएको समेत भनि देहायवमोजिम ग्रेड रकम भुक्तानि गरेको छ । नियममा यस्तो सुविधा पाउने व्यवस्था नदेखिएकोले उक्त रकम असुल हुनुपर्ने रु	

नाम	ग्रेड रकम
भानुभक्त भण्डारी	४३७७२
कालुसिंह खड्का	३३४९५
देवराज वन	३३४९५
रामवहादुर थारु	२२३८४
विष्णुराज वन	२२३८४
टेकवहादुर ठकुल्ला	२२३८४
शंकर थारु	२२३८४
प्रयागदत्त उपाध्याय	२२३८४
हल्किदेवि थरुनि	२२३८४
लालवहादुर चौधरी	२२३८४
सोमलाल चौधरी	२२३८४

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
				राजेशसिंह दमै नगर्चे	२२३८४		
				जम्मा	३१२२१८		
९			**महगी भत्ता** नेपाल सरकार अर्थ मन्त्रालयले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प. सं. २०७७।७८ च. नं. १०३ मिति २०७८।३।२४ को पत्रका सम्बन्धमा मिति २०७९।१।१५ मा निर्णय गरी नेपाल सरकार अन्तर्गत विभिन्न निकायको स्वीकृत दरबन्दीमा करारमा कार्यरत कर्मचारीहरुलाई मासिक रुपमा महगी भत्ता उपलब्ध गराउने सम्बन्धी ब्यहोराका सम्बन्धमा कानुनमा यस किसिमको ब्यबस्था नभएकोले महगी भत्ता उपलब्ध गराउन नसकिने भनि मिति २०७९।१।२१ मा जानकारी गराएको देखिन्छ । यस कार्यालयले देहाय बमोजिमका करारमा कार्यरत कर्मचारीहरुलाई करार सम्झौता गर्दा मासिक रुपमा महँगी भत्ता समेत पाउने उल्लेख गरी महँगी भत्ता उपलब्ध गराएको छ । यसरी कानूनमा यस किसिमको सुविधा पाउने प्रावधान नभएकोअवस्थामा अर्थ मन्त्रालयको परिपत्र विपरितमहगी भत्ता उपलब्ध गराएकोले उक्त रकम असुल हुनुपर्ने रु.				२८८,०००

नाम	महगी भत्ता रकम
भानुभक्त भण्डारी	२४०००
कालुसिंह खड्का	२४०००
देवराज वन	२४०००
रामवहादुर थारु	२४०००
विष्णुराज वन	२४०००
टेकवहादुर ठकुल्ला	२४०००
शंकर थारु	२४०००

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
				प्रयागदत्त उपाध्याय	२४०००		
				हल्किदेवि थरुनि	२४०००		
				लालवहादुर चौधरी	२४०००		
				सोमलाल चौधरी	२४०००		
				राजेशसिंह दमै नगर्चे	२४०००		
				जम्मा	२८८०००		
१०			बेरुजु लगत तथा सम्परीक्षण वित्तिय उत्तरदायित्व तथा आर्थिक कार्यविधि ऐन २०७६ को दफा ४० मा कार्यालयले बेरुजु फर्छ्यौट् गरी लगत कट्टाको लागि महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने ब्वस्था छ । कार्यालयवाट गत विगत बर्षहरुको बेरुजुको लगत तथा अनुसुचि १४ पेश भएन । बेरुजु के कति छ भन्ने अभिलेख पेश गरेको छैन र बेरुजु फर्छ्यौट गरी सम्परीक्षणको लागि पेश भएको छैन ।				

https://nams.oag.gov.np